बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड
BUDDHABHUMI NEPAL HYDROPOWER COMPANY LIMITED

रजिष्टर्ड कार्यालयः पानीपोस्वरी, महाराजगञ्ज-३, काठमाण्डौ, फोन नं. ०१-४५३०१५०
इमेलः lowertadi@gmail.com वेभसाईटः www.buddhabhuminepalhydro.com.np

को

शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना

शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०८३/०२/२१
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३/०२/२९

बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको १ : १ को अनुपातमा हकप्रद शेयर बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा देहाय बमोजिमको शेयरका लागि आवेदन नपरेकाले प्रचलित कानून तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को निर्देशन नं. १५ समेतको प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्न निष्काशनकर्ता कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयर खरिद गर्न इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०८३ साल जेष्ठ २५ गते मित्र** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

तपसिल

बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः ४,७४,६५६ कित्ता साधारण शेयर

सि.नं.	बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः
१.	**श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं ।**
२.	**श्री एन आई सी एशिया बैंक लिमिटेडको शाखा कार्यालयहरुः क्रमशः** (१) **विराटनगर-३, मोरङ्ग** (२) **आर्दशनगर, वीरगञ्ज** (३) **महेन्द्रपुल, पोखरा** (४) **श्रवणपथ, बुटवल** (५) **हस्पिटल लाइन, धनगढी** (६) **विरेन्द्रनगर, सुर्खेत** (७) **पञ्चकन्या, नुवाकोट** (८) **त्रिशुली, नुवाकोट** (९) **नारायणगढ, चितवन र** (१०) **नेपालगंज, बाँके ।**

शर्तहरुः

१. बोलपत्र आवेदन फाराम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ । साथै माथि तोकिएका एन आई सी एशिया बैंक लिमिटेडका शाखा कार्यालयहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले सोही शाखाबाट बैंकको छाप लगाएको आवेदन फाराम खरिद गरी लिनुपर्नेछ । छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।
२. शेयरको न्युनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुंदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । साथै, बोलपत्र फाराम शिलबन्दी गरिएको हुनुपर्नेछ ।
३. बोलपत्र आवेदन फाराममा आफ्ले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन । साथै, आवेदन गर्ने कित्ता पूर्ण कित्तामा हुनुपर्नेछ ।
४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्दा न्यूनतम १०० कित्ता को लागि आवेदन दिनु पर्नेछ भने अधिकतम संख्याको लागि कुनै हद लाग्ने छैन । दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन । रु.५ लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. (PAN) आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।
६. बोलपत्रवालाले आफ्ले खरिद गर्न चाहेको सम्पूर्ण शेयर कित्ता बराबरको रकम **NIC ASIA CAPITAL - BUDDHABHUMI** को नाममा खिचिएको Good for Payment Cheque संलग्न गरी आवेदन पेश गर्नु पर्नेछ । आवेदकले पेश गरेको Good for Payment Cheque लाई **NIC ASIA CAPITAL -BUDDHABHUMI** को बैंक खातामा जम्मा हुने गरि Clearing गर्ने व्यवस्था मिलाइने छ । साथै, IPS मार्फत भुक्तानी गर्नेको हकमा तपसिल बमोजिमको बैंक खातामा रकम रकमान्तरण गरी सो को निस्सा बोलपत्र आवेदनसाथ संलग्न गर्नु पर्नेछ । Good For Payment गर्दा लाग्ने शुल्क तथा रु. २ लाखभन्दा बढी रकमको Good For Payment को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ ।

क्र.सं.	खाता रहेको बैंकको नाम	खाताको नाम	खाता नं.
१.	एन आई सी एशिया बैंक लिमिटेड, थापाथली, काठमाडौं	NIC ASIA CAPITAL -BUDDHABHUMI	७५४४४५४४५१०२५७३२

७. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था हुनुपर्नेछ । आवेदक संगठित संस्था, फर्म, वा कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, प्यान नं. तथा शेयर खरिद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, अख्तियारनामाको प्रतिलिपि, संस्था प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपि लगायत आवेदन फारममा उल्लेखित विवरण तथा कागजातहरु संलग्न गर्नु पर्नेछ ।
८. शिलबन्दी बोलपत्र पेश गर्दा खाम बाहिर **"बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर खरिद आवेदन"** र **बोलपत्रदाताको नाम** समेत उल्लेख भएको हुनु पर्नेछ । शिलबन्दी बोलपत्र लाहाछाप गरिएको हुनु पर्नेछ ।
९. बोलपत्र आवेदन **मिति २०८३/०२/२९ गते बैकिङ्ग समयभित्र** यस निष्काशनका लागि तोकिएको संकलन केन्द्रहरुमा दर्ता भई सक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन ।
१०. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।
११. प्राप्त बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट बिक्री प्रवन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ ।
१२. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदनहरु कुरियर मार्फत पठाउनु पर्ने भएकोले कुनै कारणवश काबु बाहिरको परिस्थिति पर्न गई निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय समयमा पठाउन नसकेमा वा समयमा प्राप्त हुन नसकेमा वा बिचमा नै नष्ट हुन गएमा नियामक निकायको राय सुझाव लिएर मात्र लिलाम बढाबढको आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।
१३. प्राप्त बोलपत्रहरुको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरुमध्ये सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँड गरिने छ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरु पर्न गई बाँडफाँड हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रुपमा शेयर बाँडफाँड गरिनेछ । यसरी समानुपातिक रुपमा बाँडफाँड गर्दा समेत केही शेयर बाँकी रहन गएमा निष्काशन कम्पनीको सञ्चालक समितिको निर्णयानुसार हुनेछ ।
१४. बोलपत्र आवेदनहरु मध्ये बाँडफाँडमा नपरेका आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम आवेदकले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी गरिनेछ । साथै यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
१५. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस कम्पनीको सञ्चालक समितिमा रहनेछ ।
१६. बोलपत्र बुझाउने समयावधी भित्र कुनै सार्वजनिक विदा पर्न गएमा बोलपत्र बुझाउने म्याद थप गरिने छ ।
१७. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रवन्धकको Website: www.nicasiacapital.com मा हेर्न सक्नुहुने छ ।

बिक्री प्रबन्धकः

NIC ASIA CAPITAL

एन आई सी एशिया क्यापिटल लिमिटेड
ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com